नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-७८

## " १० वर्ष कैद सजाय तोकिएकी फरार प्रतिवादी पक्राउ"



### अभियुक्तको विवरण :-

**नाम:- चिनि माया लिम्बु भन्ने चिन माया लामा लिम्बु**

**उमेर:-२८ वर्ष**

**वतन: जिल्ला ईलाम माई न.पा.- ७ घर भई हाल जिल्ला काठमाडौं टोखा न.पा.-९ बस्ने ।**

### विवरण:-

जाहेरवाली बालिकाहरु परिवर्तित नाम २६ बबरमहल (१०१) र परिवर्तित नाम २६ बबरमहल (१०२) लाई प्रतिवादी चिनि माया लामा लिम्बु भन्ने चिन माया लामा लिम्बु समेतले जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं.९ मा संचालन गरेको होटलमा अन्य ४/५ वटा कोठा समेत भाडामा लिई वेश्यागमनका लागी आउने ग्राहकहरुबाट एकजना बराबर रु.१०००।-(एक हजार) लिई बालिकाहरुलाई जबरजस्ती वेश्यावृत्तिमा लगाउने, सो कुरा बाहिर कसैलाई बताएमा ज्यान समेत लिने भन्दै विभिन्न डर,त्रासमा पारी बन्धक बनाई राखेकोले कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त यस ब्युरोमा प्राप्त भएकोमा वारदातमा संलग्न निज प्रतिवादीलाई मिति २०७९/०३/३० गते पक्राउ गरि अनुसन्धान पश्चात काठमाडौं जिल्ला अदालतमा पेश हुँदा मिति २०७९/०४/१६ गतेको आदेशले रु.२,००,०००/- (दुई लाख) धरौटी रकम दाखिला गरी तारिखमा छुटेकोमा सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८१/०८/०५ गतेको आदेशले मानव बेचबिखन तथा ओसारपसार कसूरमा १० (दश वर्ष) कैद सजाय र रू ५०,०००।– जरिवाना तोकिएकोमा फरार प्रतिवादी चिनि माया लामा लिम्बु भन्ने चिन माया लामा लिम्बुलाई यस ब्युरोबाट खटिएको प्रहरी टोलीले मिति २०८१/१२/२१ गते जिल्ला काठमाडौं, टोखा नगरपालिका वडा नं. ९ दिपज्योति मार्ग बाट पक्राउ गरी आवश्यक कारवाहीको लागि काठमाडौं जिल्ला अदालतमा बुझाएकोमा कैद भुक्तानको लागि कारागार कार्यालय जगन्नाथदेवल काठमाडौं पठाएको ।

**मिति: २०८१/१२/२१ गते।**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**


१०० नेपाल प्रहरी

१०४ बालबालिका खोजतलास समन्वय केन्द्र

११७७ मानव बेचबिखन तथा ओसारपसार

९८५१२९२२०० 

SCAN ME